पिपुल्स मिडिया प्रा.लि.द्वारा प्रकाशित

# मर्निङ टाइम्स

पिपुल्स मिडिया

MORNING TIMES NATIONAL DAILY

राष्ट्रिय दैनिक

visit Nepal 2020 Lifetime Experiences

/ वर्षः १७ / अङ्कः १६० / नेपाल सम्वत् ११४० / २०७६ माघ १५ गते बुधबार / (29 January 2020 Wednesday) / मूल्य रु. ३/–

## धरानमा विजयपुर भ्रमण वर्षको केन्द्र

**धरान (भरतराज शर्मा):** नेपाल भ्रमण वर्ष २०२० मा धरान आउने वाह्य एवं आन्तरिक पर्यटकहरुको पहिलो घुमघामको रोजाई विजयपुर स्थित ऐतिहासीक तथा धार्मिक स्थलहरु नै हुने भएकाले यहाँको पूर्वाधारको विकास, स्तरोन्नती तथा सुधारका कार्यहरुको बारेमा प्रदेश १ सरकारको सम्बद्ध समितिले मंगलवार स्थलगत रुपमा विजयपुरमा सरोकारवालाहरु संग छलफल गरेको छ । प्रदेश सरकारको उद्योग पर्यटन वन तथा बाताबरण मन्त्रालयको उद्योग पर्यटन वन बाताबरण समितीको टोलीले विजयपुरको पर्यटकिय ठाउूहरुको अवलोकन गर्नुका साथै छलफल कार्यक्रममा सहभागी भएको हो ।

समितिकी सभापति प्रदेश सांसद सिता थेबेको उपस्थितिमा भएको छलफलमा वडा अध्यक्ष कृष्णप्रसाद भट्टराईले प्रदेश १ को राजधानी बाट हिमाल, पहाडका पर्यटकिय गन्तव्य प्रवेशव्दारमा रहेको धरानमा आम नवागान्तुकहरु विजयपुर अवलोकन गर्नकै लागि मात्र पनि रोकिने भएकाले धरानमा भ्रमण वर्षको मुख्य गन्तव्य विजयपुर र यहाू स्थित धार्मीक तथा ऐतिहासिक स्थलहरु नै भएको बताए । उनले धरान वडा १४ को बजेटले विजयपुरको पूर्वाधार विकासका लागि गर्दै आएका निर्माण कार्यहरुका बारेमा बताए । वडाध्यक्ष भट्टराईले विजयपुरको पर्यटकिय पूर्वाधार विकासमा प्रदेश स्तरिय योजनाहरु आवश्यक भएकोमा जोड दिए । छलफल धरानको पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थलहरुको अबस्था तथा त्यस स्थानमहरुमा पूर्वाधार निर्माण तथा भएका संरचनाहरुमा सुधार गर्नुपर्ने अवस्था र थप नयाँ पर्यटकीय विकासका योजनाका सम्भाव्यताहरु विषयहरु उठेका थिए । छलफलमा आगामी आर्थिक वर्षको बजेटमा पर्यटकीय स्थलहरुको योजना, विषयगत समितिहरुले पर्यटकीय स्थलहरुका स्तर बृद्धिका लागि बजेट विनियोजन तथा कार्यक्रमहरु पहिचान गर्न स्थलगत रुपमा काम सुरुगर्न छलफलका लागि आएको सभापति थेबेले बताइन् ।

उनले छलफलमा सराकारवालाहरुले प्रदेश सरकारले गर्नुपर्ने कामका बारेमा दिएका सुझावहरु विजयपुरका पूर्वाधार विकासमा उठेका विद्यमान समस्याका सवालहरुका बारेमा जवाफ दिएकी थिइन् । उनले प्रदेश बजेट विनियोजन तथा कार्यक्रमको स्तरिकरण कार्य क्षेत्रगत रुपमा कार्यान्बयनमा हुने योजना तथा कार्यक्रमको वजेट आवस्यकता अनुसार विषयगत समितिबाट प्रदेश सरकारमा जाने बताइन् । योजना तथा कार्यक्रमका लागि बजेट वाडफाड गर्न कार्यक्रम तर्जुमा समितिमा सिफारीस गर्ने सुझाव समितीको रुपमा उनको सभापतित्वमा रहको समितीले काम गरिरहेको उनको भनाई थियो ।

छलफलमा बिजयपुरका संघसंस्थाका पदाधिकारी, बिभिन्न मठ मंदिरका प्रमुख तथा पुजारीहरु पनि सहभागी थिए । संघ सस्थाहरुको प्रतिनिधी पत्रकार लागयको सहभागीत रहेको थियो । उनीहरुले विजयपुर तथया धरानका पर्यटकिय पूर्वाधारका समस्या त्यस्को समाधानका लागि प्रदेश सरकारले दिन सक्ने योजना र सहयोगका बारेमा सुझाव राखेका थिए । छलपलमा सभापति थेबे सहित समितिका सदस्य प्रदेश सांसदहरु बृद्धि कुमार राजभण्डारी, उमिता बराईली, काजीमान कागते, नारायाण बहादुर मगर, बिन्दीया कार्की, नवेदिता चौधरी, बिद्यानन्द चौधरी, लिलम बस्नेत लगायत उपस्थित थिए । छलफल पछि समितिको टोलीले विजयपुर स्थित धार्मिक स्थलहरुको अवलोकन गर्नुको साथै पिण्डेश्वर मंदिर परिसरमा रहेको धरानका एक मात्र ईनारको पानी समेत सेवन गरे ।



भ्रमणवर्षमा विजयपुरको पर्यटकिय पूर्वाधार बारे छलफलका लागि आएको प्रदेश सरकारको पर्यटन समितिको टोली पिण्डेश्वर मन्दिर स्थित इनारको जल सेवन गर्न निकाल्दै । तस्विरः भरत

## अंग्रेजी नयाँ वर्षमा आउँछु भनेका चौधरी विदेशमै विते

**रामधुनी (धिरेन्द्र कुमार चौधरी):** बैदेशिक रोजगारमा दुबईमा रहेका रामधुनी वडा ९ का ५२ बर्षीय देबनारायण चौधरीको हृदयघात भई मृत्यु भएको छ । मृतकका भाई हेमनारायण चौधरीका अनुसार गएको पुष २४ गते बिदेशमा मृत्यु भएकोमा १९ दिनपछि सोमबार राती १० बजे शव घरमा आई पुगेको बताए । मृतकको दाह संस्कार मंगलबार गरीएको पारीवारले जानकारी दिएको छ। चौधरी १६ बर्ष अघि देखी बैदेशिक रोजगारमा दुबई स्थित अरबटेक कम्पनीमा कार्यरत थिए। चार बर्ष अघि घर आएर पुनः बिदेश गएका चौधरीले अब घरैमा बस्ने गरी फर्कन कुराकानी फोनमा गर्दै आएको पत्नी उषा चौधरीले बताइन् । उनले भनिन 'दुःखद खबर आउनु भन्दा दुई दिन अगाडी फोन आएको थियो प्रेसर बढेर अस्पताल गई उपचारमा रहेको छु, अंग्रेजी नयाँ बर्षको बेला घर आउँदैछु भनि फोनमा भन्नु भएको थियो ।' दिवंगत चौधरीको शोक सन्तप्त परिवारमा एक पत्नी र छोरा छन् ।




## २४ पिन्ट रगत संकलन

**दिपक पुरी**

**नडाहाः** पछिल्लो समय सुनसरीका ग्रामिण क्षेत्रमा स्थानिय युवा तथा संघ संस्थाहरुले अयोजना गर्न शुरु गरेको रक्तदान कार्यक्रमहरु बाट उत्साहजनक परिमाणमा रगत संकलन हुन थालेको छ । रक्तदान कार्यक्रम गर्नेमा विशेषत बराहक्षेत्र नगरपालिकाका साबिक गाबिस स्थित संस्थाहरु अगाडि छन् । मंगलवार बरहाक्षेत्रको वडा ५ स्थित इन्द्रेणी क्लबले सहिदहरुको सम्झनामा आयोजित १७ औं रक्तदान कार्यक्रम बाट २४ पिन्ट रगत संकलन भएको छ । कालाबन्जर स्थित वडा कार्यालय परिसरमा भएको रक्तदानमा स्थानिय युवाहरु सहभागी भएका थिए। क्लबले २०५९ सालबाट रक्तदान कार्यक्रम सुरू गरिएको हो । गाउँ बाट अस्पतला पुऱ्याएका बिरामीहरू रगतको अभाव भएर अकालमय मृत्यु हुने समस्या बुझेर गाउँमै रगत संकलन गरे संकटका बेला विरामी लाई रगत जुटाउन सहज हुने भएकाले क्लब व्दारा रक्तदान शुरु गरिएको अध्यक्ष कृष्ण ढकालले बताए । रक्तदान कार्यक्रममा पुरुस २१ र महिला ३ जनाले रक्तदान गरेका हुन् ।

**प्रभु बचत तथा ऋण सहकारी संस्था लि.**

**धरान-९, पुतली लाईन**

**आवश्यकता ! आवश्यकता !!**

प्रभु बचत तथा ऋण सहकारी संस्था लि. को लागि लगनशिल, इमान्दार र मेहनती बजार प्रतिनिधि आवश्यक परेको हुनाले तुरून्त सम्पर्क राख्नु होला ।

| पद | संख्या | तलब |
|---|---|---|
| बजार प्रतिनिधि | १२ महिला/पुरूष | आपसि समझदारीमा |

सम्पर्क : ०२५-५२८४१८, ५३४१४०




**अब सम्पुर्ण रोगहरूको उपचार बिजयपुर हस्पिटल प्रा.लि. धरानमा**

**हाम्रा सेवाहरु :**

- बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा
- जनरल मेडिसिन सेवा
- प्रसुती तथा स्त्री रोग विशेषज्ञ सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा
- छाला, यौन रोग तथा सौन्दर्य विशेषज्ञ सेवा
- नाक,कान,घाँटी रोग विशेषज्ञ सेवा
- मानसिक तथा नशा रोग विशेषज्ञ सेवा
- जनरल सर्जरी विशेषज्ञ सेवा
- रेडियोलोजी विशेषज्ञ सेवा
- प्याथोलोजी विशेषज्ञ सेवा
- एनेस्थेसिया विशेषज्ञ सेवा

**हाम्रा सुविधाहरु :**

- २४ सैं घण्टा इमरजेन्सी, फार्मेसी, ल्याब, एम्बुलेन्स सुविधा
- ECG, EEG, PFT तथा डिजिटल X-RAY सुविधा
- इन्डोस्कोपी र फिजियोथेरापी सुविधा
- मल्टिस्लाईस CT-SCAN सुविधा
- भिडियो एक्स-रे (USG) तथा मुटुको भिडियो एक्स-रे (ECHO) सुविधा
- दुरबिन प्रविधिबाट बिना चिरफार ल्याप्रोसकोपी (Laproscopy) सर्जरी एवम् अन्य सर्जरी सुविधा
- C-ARM मेसिन सहित हाडजोर्नीका माइनर तथा मेजर अप्रेसन सुविधा
- भेन्टिलेटर सहित NICU सुविधा
- प्रसुती परामर्श तथा अप्रेसन सुविधा
- स्वास्थ्य परिक्षण (WHOLE BODY CHECK UP)
- विरामी परिक्षण (OPD) तथा विरामी भर्ना (IPD) सुविधा

**थप जानकारीको लागि**

**विजयपुर हस्पिटल प्रा.लि.**

धरान-१०, पुतली लाईन, फोन नं. ०२५-५-२६४९०, ०२५-५-३३४९०

E-mail:bijayapurhospital@gmail.com









# बसाईको जीवन्त नाट्य रुपान्तर

## समीक्षात्मक टिप्पणी

**निमा पोङस्युवा**

**धरान**ः हालै भारतीय सरकार व्दारा उच्च सम्मानित पुरस्कार पदमश्री पदक बाट विभुषित प्रवासी नेपाली भाषाका साहित्यका लिलबहादुर क्षेत्री भारतीय नेपाली साहित्य क्षेत्रमा चर्चाको विषय बनेका बेला धरानमा 'बसाई' उपन्यासको मञ्चनले साता भर उनि चर्चाको विषय बने । लिलबहादुर क्षेत्रीको सामाजिक यथार्थ घटनामा आधारित उपन्यास 'बसाइँ' देवकोटाको काव्य 'मुना मदन' जत्तिकै पढिएको कृति हो । त्यही कृतिलाई नाट्य रुपान्तरण गरि धरानको सदन स्कुल सदन भवनमा सिर्जनशील युवा नाट्यकर्मीहरुले मञ्चन गरेका हुन् । बसाई उपन्यास लाई यसअघि चलचित्रको रुपमा समेत प्रदर्शन गरिसकिएको छ।



धरानमा रंगभुमी एकेडेमीको प्रस्तुतिमा बसाइँ उपन्यासलाई मिलन चाम्लिङले निर्देशन गरेका हन् । तत्कालीन सामाजिक परिवेशलाई लिएर लेखिएको उपन्यासमा साहुको ऋण तिर्न नसक्दा उठिबास हुनुपरेको यथार्थ चित्रण बसाइँमा छ। बसाइँ नाटक मञ्चन भैरहँदा पात्रहरुले न्याय गरेको पाईन्छ। सबै पात्रको कहिँ पनि अभिनयमा कमि कमजोरी देखिएन। नाटकको सबल पक्ष भनेकै अभिनयका जिवन्तता हो । युवा कलाकारहरुको अभियनले नाटकलाई जिवन्त बनाएको छ । उपन्यासमा कथाबस्तु लामो छ तर बसाईको नाट्य रुपान्तरण लाई निश्चि समय सिमा भित्र अभिव्यक्त गर्नसक्नु बिनय सरगमको खुबी लाई मान्नु पर्दछ।

कथालाई दृश्यमा लान नाटकीय रुप दिन पटकथा महत्वपूर्ण हुन्छ। पटकथा सबल पक्षका रुपमा गाउँले परिवेशमा कथा भएकोले भेषभुषा लगायत सबै गाउँले जीवनमा आधारित छ। एकातिर रिकुटे संगको प्रेम कथा चलिरहेको हुन्छ। अर्को तर्फ साहुको ऋणले घरबार नै साहुलाई बुझाएर बसाइँ जानुपर्ने अवस्थामा पुगेको अवस्था लाई पटकथाले जीवन्त बनाएको छ । रिकुटेले पेट बोकाएर आत्महत्या गर्नसम्म पुगेको झुमालाई कार्कीको मानबतापुर्ण दयाले अन्ततः झुमा आत्महत्या गर्नबाट जोगिन्छिन् । यता नन्दे साहुको ऋण तिर्न नसक्दा धनेले आफ्नो घरजग्गा सबै साहुले लिएपछि उ बसाइँ जान बाध्य हुन्छ । यतिमै नाटक सकिन्छ।

यस बिचको प्रस्तुति दर्शकको दृष्टि स्थिर राख्न अत्यन्त राम्रा ढंगले बगेको पाईन्छ। कहिँ कतै अल्छी लाग्ने खाल्को दृश्य दर्शक लाई लागेको पाइएन। दर्शकलाई अत्यन्त भावुक बनाउने र झुमा र रिकुटेको प्रेमवार्ताले थप मनोरञ्जन दिएको छ। नाटकको मन्च तयारी कथाको पृष्ठभूमि अनुसार बनाइएको छ । गाउँले परिवेश झल्किने घर डोको ओख्ली लगायतले नाटक जिवन्त बनाएको छ। पार्श्व धुन र प्रकाश मिलेको छ । यति हुँदाहुँदै पनि चन्द्रमामा कालो दाग भने जस्तै केही कमि कमजोरी नाटकमा प्रस्तुतिमा दखिन्छ । प्राविधिक रुपमा यस अघि पनि नाटक इङघङमा देखीएका कमी फेरि दोहोरिएको देखियो। नाटक एकांकी नभएकोले एक दृश्यपछि अर्को दृश्यमा जाँदा हलमा बारम्बार अँध्यारो भैरन्छ । त्यस्का लागि पर्दाको ब्याबस्था हुनुपर्ने थियो। नाटक भनेकै पर्दा खुल्ने र बन्द हुने कुरा सामान्य दर्शकले बुझ्ने गर्छन् । भित्री तयारी गर्नको लागि नै पर्दाले छेक्ने हो । त्यतिबेला दर्शक तर्फ लाईट बालेर मञ्च भित्र अध्यँारो राखेर तयारी गर्न सके राम्रो हुने थियो । नाटकलाई थप जिवन्त बनाउन नाङ्लोमा अन्न निफोन्ने बेला सच्चैको अन्न प्रयोग गर्न सकिन्थ्यो । यसो नगर्दा नाटक नाटक नै भएको आभास हुन्छ । ओखलमा कुट्दा पनि अन्न अथवा भुस प्रयोग गरेको जिवन्त हुन्थ्यो । परेवालाई चारो दिएको बेला चामल लगायतको अन्न केही प्रयोग गरेको भए थप जिवन्त हुने देखिन्छ । समग्रमा नाटक उत्कृष्ट छ । रंगभुमिको इङघङले जति दर्शक बटुलेको थियो बसाइँ नाटकले पनि उत्तिकै दर्शक बटुलेको पाइयो।

तत्कालीन अवस्थामा गाउँघरमा साहुले ब्याजमा ब्याज लगाएर गरिबलाई उठिबास बनाउने गरिन्थ्यो भने त्यो नियती हाल फेरिएर मिटर ब्याज लगाएर गरिबलाई उठिबास बनाउने सामन्ती प्रवृत्ति अझै कायम रहेको छ। तर बसाइँ उपन्यासमा बसाइँ जानुको न्यायिक विकल्प खोजेको पाईदैन। बसाइँ उपन्यासमा जस्तै नेपाली समाज अझै पनि त्यही अवस्थामा नै गुज्रीरहेको छ। न्यायिक बिकल्प त हाल भए पनि गरिबको पक्षमा न्याय हाल नेपाली समाजमा बिमुख नै छ। समग्रमा बसाइँ उपन्यासमा आधारित नाटकको प्रस्तुति र प्रदर्शन उत्तम श्रेणीको रहको छ।




# समृद्धि, भ्रष्टाचार र मानव अधिकार

**डा. टीकाराम पोखरेल**

ट्रान्सपरेन्सी इन्टरनेसनलले गत हप्ता सार्वजनिक गरेको 'करप्सन परसेप्सन इन्डेक्स' अनुसार नेपालले भ्रष्टाचार हुने देशहरूको सूचीमा विगत वर्षको तुलनामा आफ्नो स्थान केही सुधार गरेको दखिएको छ। कुल १ सय अंकमध्ये ३४ अंक प्राप्त गरेको नेपाल विश्वका १ सय ८० देशको सूचीमा सन् २०१९ मा १ सय १३ औं स्थानमा परेको हो। जबकि सन् २०१८ मा नेपाल यो सूचीमा ३१ अंकसहित १ सय २४ औं स्थानमा थियो। ३ अंक उक्लनु र १३ सूचीक्रम सुधार हुनुलाई सरकारले आफ्नो सफलता ठानेको छ भने विपक्षी र केही अर्थविद्हरू भने तथ्यांकमा झिनो सुधारले खासै अर्थ नराख्ने दाबी गरिरहेका छन्।

दक्षिण एसियामा सबैभन्दा कम भ्रष्टाचार हुने देश भुटान हो। भुटान ६८ अंक प्राप्त गरी २५ औं स्थानमा छ। यस्तै भारत र चीन समान ४१ अंक प्राप्त गरी ८० औं स्थानमा छन् । श्रीलंका ३८ अंक प्राप्त गरी ९३ औं स्थानमा, माल्दिभ्स २९ अंक प्राप्त गरी १ सय ३० औं स्थानमा र अफगानिस्तान १६ अंक प्राप्त गरी १ सय ७३ औं स्थानमा छ। सरसर्ती हेर्दा नेपालको अवस्थामा गत वर्षको तुलनामा केही सुधार देखिए पनि यो सन्तोषजनक छैन। किनभने नेपाल अहिले पनि विश्वका सबैभन्दा बढी भ्रष्टाचार हुने २० मुलुकको सूचीमा रहि नै रहेको छ। नेपालको राजनीति र कर्मचारीतन्त्रमा भ्रष्टाचार लामो समयदेखि पर्यायजस्तै छ। यो अत्यन्त चिन्ताको विषय हो।

सार्वजनिक जीवनमा स्वीकृत मूल्यहरूको विरुद्ध आचरणलाई भ्रष्ट आचरण अर्थात् भ्रष्टाचार मानिन्छ। आर्थिक भ्रष्टाचार, नैतिक तथा सामाजिक भ्रष्टाचार, नीतिगत भ्रष्टाचारजस्ता भ्रष्टाचारका विभिन्न स्वरूप भए पनि साधारण जनजीवनमा भ्रष्टाचारलाई आर्थिक अपराधहरूसँग जोडिन्छ। सामान्यतया भ्रष्टाचार गरिब मुलुकहरूमा हुन्छ । भ्रष्टाचारले गरिबीलाई झनै बढाउँछ। 'समृद्ध नेपाल सुखी नेपाली'को नारालाई व्यवहारमा उतार्न वर्तमान सरकारका लीग सबैभन्दा ठूलो चुनौती भनेकै भ्रष्टाचारलाई अपेक्षाकृत रूपमा न्यूनीकरण गर्न नसक्नु हो । जति निवारणका प्रयास भए पनि अपेक्षाकृत सुधार नदेखिनुले भ्रष्टाचार निवारण प्रयास बालुवामा पानी हालेजस्तो भएको छ। यसले गर्दा नागरिकको मानव अधिकारको उपभोगमा समेत बाधा परेको छ।

शाब्दिक अर्थमा भ्रष्टाचार भन्नाले बिग्रेको वा खराब आचरण भएको, नैतिक पतन हुने, घूस खाने, पक्षपाती गर्ने, घूसखोरी वा अवैध व्यवहार गर्ने भन्ने अर्थ लाग्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा भ्रष्टाचार भन्नाले भ्रष्टाचार निवारणसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय हुने कसुर सम्झनुपर्छ भनी उल्लेख गरिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ मा रिसवत लिनेदिने, बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, सरकारी कर्मचारीले दान दातव्य चन्दा लिने, कमिसन लिने, राजस्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनीयतको काम, गलत लिखत तयार पार्ने काम, गलत अनुवाद गर्ने, सरकारी कागज सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, प्रश्नपत्रको गोपनीयता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने, गैरकानुनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहदा पाएँ भन्ने, झूटा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गर्ने, कसैलाई गैरकानुनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानुनी सम्पत्ति आर्जन गर्ने, सजाय हुने कसुर गर्न उद्योग गर्ने र यस्ता कार्यमा मतियार हुनेलाई कानुनबमोजिम सजाय हुने भ्रष्टाचारको कसुर भनी उल्लेख गरेको छ । यी सबै कसुर सरकारी कामकाजमा संलग्न व्यक्तिप्रति लक्षित देखिन्छ।

शब्द र कानुनमा जसरी व्याख्या गरे पनि भ्रष्टाचार गर्नु भनेको खराब आचरण हो । यो देश र समाजका लागि मन्द विषबाट उत्पन्न अत्यन्तै खतरनाक रोग हो, जसले बिस्तारै-बिस्तारै देशलाई कंगाल र समाजलाई ध्वस्त बनाउँछ। देश र समाजमात्र नभएर यसले मानिसको चरित्रलाई समेत डुबाउँछ। भ्रष्टाचारले उच्च व्यक्तिलाई पनि नीच बनाउँछ । नैतिकलाई अनैतिक बनाइदिन्छ । विवेकशीललाई विवेकहीन बनाउँछ। भ्रष्टाचारमा संलग्न व्यक्तिले जिम्मेवारी, योग्यता, क्षमता सब बिर्सन्छ । भ्रष्ट व्यक्तिले समग्रमा आफूमा भएको मानवता नै गुमाउँछ।

मानवबाट अमानवमा परिणत भए पनि भ्रष्टाचार गर्ने व्यक्ति हाम्रो समाजमा भने महामानवजस्तो भएको छ । धेरै धन आर्जन गरेपछि ऊ समाजको गन्यमान्य हुन्छ। समाजले अघोषित सम्मान गरेको छ, जसले धेरै पैसा कमाउँछ उसलाई सम्मानित आँखाले हेरिन्छ। उसको प्रतिष्ठा नै भिन्न हुन्छ। उसले कसरी कमायो भन्ने हेरिन्न, कति कमायो मात्र हेरिन्छ।

विभिन्न प्रकारका भ्रष्टाचार हुने गरे पनि भ्रष्टाचारको सबैभन्दा ठूलो हिस्सा घूस र ठेक्कापट्टाको कमिसनमा छ। घूस र कमिसन लिने दिने दुवै राष्ट्रका शत्रु हुन् भने पनि अहिले जति पनि कारबाही भएका छन् त्यो घूस र कमिसन लिनेमाथि मात्र केन्द्रित छ। घूस र कमिसन दिनेहरूमध्ये साह्रै नगन्यलाई मात्र कारबाही भएको छ। घूस र कमिसन लिने र गैरकानुनी सम्पत्ति आर्जन गर्ने पनि जेजतिलाई कारबाही भएको छ ती पनि अधिकांश मध्यम र निम्न स्तरका कर्मचारी छन्। त्यसैले कहिलेकाहीँ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि नै ठूला माछा नसमातेको भन्ने गुनासो गर्ने गरिएको छ। उच्च वर्गकाले गैरकानुनी तवरले कमाएको कालोधनलाई सेतो बनाउन अनेक वैकल्पिक बाटा बनाइरहेका छन्। कानुन र प्रहरीभन्दा सधैँ अपराधी अगाडि भने जस्तै भ्रष्टाचार निवारण र सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनकानुनभन्दा भ्रष्टहरू एक कदम अगाडि छन्।

भ्रष्टाचार नघट्नुका धेरै कारणहरू छन्। गरिबीको मनोदशा, भ्रष्टाचारीलाई गरिएको अघोषित सामाजिक सम्मान, राजनीतिक संरक्षण, राज्यका सरकारी निकायमा मात्र भ्रष्टाचार हुन्छ भन्ने बुझाइ, घूस दिनेहरू न्यून मात्र दण्डित हुनु, भ्रष्टाचारमा नागरिक समाजको खबरदारी नहुनु, कानुनी कारबाहीको जटिलता, सरुवा बढुवामा घूस खाने अघोषित स्वीकृति, सेवा सुविधा झन्झटिलो हुनु,रोकथामका प्रयास प्रभावकारी नहुनुजस्ता कुराहरू भ्रष्टाचार बढ्नुका कारण हुन् । सार्वजनिक सेवासुविधाको प्रवाहमा ठूलो भ्रष्टाचार छ । सुशासन विस्थापनमा परेको छ। सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ हरेक सरकारको देखाउने दाँतजस्तो मात्र भएको छ। नीतिगत भ्रष्टाचारको त कुनै तथ्यांक नै छैन। भ्रष्टाचारका नयाँ-नयाँ स्वरूपहरूले प्रवेश पाइरहेको छ। भ्रष्टाचारको न्यूनीकरण गर्न राजनीतिक इच्छाशक्ति र कर्मचारी संयन्त्रमा व्यापक सुधार चाहिन्छ । मानसिकतामा परिवर्तन, सामाजिक हेराइमा परिवर्तन, नागरिक समाजको सक्रियता, अनलाइन सेवाप्रवाह भएमा भ्रष्टाचार न्यूनीकरणमा बल पुग्छ।

भ्रष्टाचार मानव अधिकारको हनन हो । यसलाई मानव अधिकारका दृष्टिले हेर्नु आवश्यक छ । यसका लागि राष्ट्रिय मानव अधिकार आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, भ्रष्टाचारविरुद्ध कार्यरत गैससहरूबीच प्रवर्द्धनात्मक कार्यमा सहकार्यको आवश्यकता छ । सुशासन मानव अधिकार र भ्रष्टाचार दुवैसँग जोडिने विषय भएकाले पनि दुवै सरोकारवाला निकायहरूबीच सहकार्य सान्दर्भिक हुन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खेलेको भूमिकाले मानव अधिकारको प्रत्याभूतिमा सहयोग पुग्छ भने राष्ट्रिय मानव अधिकार आयोगले सुशासनको सुनिश्चितताका लागि खेलेको भूमिकाले भ्रष्टाचार हटाउन सहयोग पुग्छ । भ्रष्टाचार विकासका दृष्टिमा समृद्ध नेपाल सुखी नेपालीको बाधा हो भने मानवअधिकारको दृष्टिमा असमानताको खाडल पनि हो । भ्रष्टाचारका सबै विषय मानव अधिकारको हननसँग सम्बन्धित छन् । मानव अधिकारको प्रत्याभूति नहुनुको प्रमुख कारण देशमा विद्यमान कुशासन हो। कुशासन मानव अधिकारको हनन पनि हो र भ्रष्टाचार पनि हो। समग्रमा भ्रष्टाचार मानव अधिकारको गम्भीर उल्लंघन हो । भ्रष्टाचारको नियन्त्रण गरौँ र मानव अधिकारको उल्लंघन रोकौँ । 'समृद्ध नेपाल, सुखी नेपाली' नारामा सीमित नराखौँ, व्यवहारमा उतारौँ।

# विद्यार्थीलाई ज्याकेट वितरण

**इटहरी**ः परिवर्तनको आशा नेपाल नामक संस्थाले इटहरी स्थित विद्यालयका बालबालिकाहरु लाई ज्याकेट वितरण गरेको छ। इटहरी वडा १० मनमोहन आधारभुत विद्यालयका विपन्न परिवारका विद्यार्थीहरुलाई जाडोमा लगाउने ज्याकेट वितरण गरेको हो । विद्यालयमा भएको विशेष कार्यक्रममा विद्यालयका ३ सय १४ जना विद्यार्थीलाई ज्याकेट वितरण गरिएको छ।

प्रमुख अतिथि प्रदेश सांसद् लिलम बस्नेतले बालबालिका लाई ज्याकेट वितरण गरका हुन् । इटरी उपमहानगरपालिका शिक्षा महाशाखा प्रमुख कुमारी अम्बिका शाह लगायत प्रधानाध्यापक, अभिभावकहरु उक्त अवसरमा सहभागी थिए।



# ९५ विद्यार्थी लाई जुत्ता

**रामधुनी (धिरेन्द्र कुमार चौधरी )**ः रामधुनी वडा २ स्थित रामजानकी आधारभूत बिद्यालयका ९५ जना बालबालिका लाई मंगलबार जुत्ता बितरण गरीएको छ । इटहरी-१ का समाजसेबी रामबहादुर अधिकारीले उनको खर्चमा बिद्यार्थीले लगाउने स्कुल जुत्ता बितरण गरेका हुन्। रामधुनी २ का वडा सदस्य अनन्तराम चौधरी, विश्व शान्ति परीवार संघका रामबहादुर लिम्बु, गौरी शंकर बचतका सरस्बती चौधरी, थारु महिला कोहबरकी जीवन चौधरी, अशोक चौधरी, मानिकचन चौधरी लगायतले जुत्ता वितरण गरे । प्रधानाध्यापक बद्रीनारायण चौधरीले विपन्न र दलित समुदायका बालबालिकालाई पढाईमा रुचि बढाउने बताए। वितरण कार्यक्रम ब्यबस्थापन अध्यक्ष शनिश्चर मोचीको सभापतित्वमा भएको हो।






## अपाङ्गता भएका प्रतिभाहरु सम्मानित

# प्रदेशका २६ स्थानीय तहमा अपाङ्गता रोकथाम कार्य हुँदै





**धरान** (भरातराज शर्मा): प्रदेश १ को सबै स्थानीय तह नगर/गाउँपालिकामा अपाङगत रोकथाम तथा पूनर्स्थापना कार्यक्रम सञ्चालन हुने भएको छ । अपाङगतता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमले जन्मजात तथा जन्म पछि विकास हुने अपाङता रोकथाम गर्न समुदायमा आधारित पुनर्स्थापना मार्फत अपाङ्गता भएका व्यक्ति तथा तिनका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। कार्यक्रमको प्रथम चरणमा मोरङ, सुनसरी, धनकुटा र पाँचथर जिल्लाका २६ स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि तीन वर्षे सम्झौता सम्पन्न भइसकेको छ। तीन वर्ष पछि कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा अगाडी बढाइने भएको छ।

प्रदेश १ सरकार, स्थानीय सरकार संग करुणा फाउण्डेसन विच त्रिपक्षीय साझेदारीमा उक्त कार्यक्रम सञ्चाल हुनेछ । स्थानीय तहहरुमा सञ्चालन हुने अपाङगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको सोमबार बिराटनगरमा मुख्यमन्त्री शेरधन राईले उद्घाटन गरेका छन् । उद्घाटन समारोह सामाजिक विकास मन्त्रालयले आयोजना गरेको हो । उक्त अवसर मुख्मन्त्री राई सहित सहभागी सबैले प्रदेश १ का सम्पुर्ण सार्वजनिक भौतिक संरचनाहरु लाई अपाङगता भएका व्यक्तिहरुको पहुँचयुक्त बनाउन प्रतिबद्धतामा हस्ताक्षर गरेका छन् । समारोहमा सामाजिक विकास मन्त्री जीवन घिमिरे, आर्थिक योजना तथा मामिला मन्त्री इन्द्र आङ्बो, सामाजिक विकास राज्य मन्त्री जसमाया गजमेर, सामाजिक विकास समितिका सभापति सरिता खड्का र प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोध प्याकुरेल लगायत सहभागी थिए । कार्यक्रमको प्रथम चरणमा मोरङ, सुनसरी, धनकुटा र पाँचथर जिल्लाका २६ स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि तीन वर्षे सम्झौता भएको हो। सम्झौता अवधि सकिएपछि प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा अपाङगता रोकथाम कार्यक्रम लाई निरन्तरता दिइने सम्झौतामा छ।

कार्यक्रमलाई तीन वर्षमा चरणबद्ध रुपमा प्रदेशका सम्पूर्ण स्थानीय तहमा विस्तार गरिने छ । विस्तार गरिने कार्यक्रमले गर्भवती महिला, नव दम्पती, दस वर्षमुनिका बालबालिका र प्रदेशमा रहेका एक लाख अपाङगता भएका व्यक्ति सम्म पुग्ने योजना प्रदेश सरकारले तर्जुमा गरेको सामाजिक बिकास मन्त्री जिवन घिमिरेले बताए। होटल इष्टर्न स्टारमा आयोजित उद्घाटनमा मदन पुरस्कार विजेता साहित्यकार झमक घिमिरेलाई साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै सबैको लागि प्रेरणा र आत्मविश्वासको स्रोत बन्न सकेकोमा प्रदेश सरकारद्वारा सम्मान गरिएको छ । उक्त अवसरमा चित्रकला, गीत तथा कविता सिर्जना एवं गायन क्षेत्रमा क्रियाशील अपाङगत भएका व्यक्तिहरु लाई सम्मानित गरिएको थियो । युवाका लागि प्रेरणा र आत्मसम्मानको स्रोत बनेका सकारात्मक सोच प्रवाह गन सफल मकवानपुर थाहा नगरपालिकाका युवा कलाकार अमिर लामा र ह्वील चियरमा बिश्व यात्रा गरेका ओखलढुङ्गाका तेज बहादुर कार्की लाई प्रदेश सरकारले नगद १ लाख रुपया पुरस्कार प्रदान गरिने घोषणा गरिएको छ। कार्यक्रममा करुण फाउण्डेशनले उनलाई नगद ५१ हजार रुपया सहित सम्मानपत्र प्रदान गरेको छ।

समारोहमा चित्रकला र गीत अपाङगता भएका कलाकार बम्जनले प्रस्तुत गरेका थिए । अपाङ्गता भएका बालबालिकाहरुको दैनिक क्रियाकलापमा सहजता ल्याउन विभिन्न जिल्लाका १६ जना अपाङगता भएका बालबालिकाहरुलाई पेडियाट्रिक ह्विल चियर तिरण गरियो। जन्मजात हुने अपाङता रोकथामा निम्ति लक्षियत वर्गका नवदम्पती, गर्भबती महिलालाई उपहार स्वरु शुभकामना कार्ड र न्यानो झोला प्रदान गरियो। नवदम्पती लाई वडा कार्यलय, गर्भवती महिला लाई स्वास्थ्य संस्था मार्फत बितरण गरिने उक्त कार्डमा अपाङगता रोकथाम सुरक्षित मातृ तथा शिशु स्वास्थ्य र परिबार योजना सम्बन्धी सन्देश मुलक जानकारी छ । समारोहमा यसैबर्ष सञ्चालन हुने प्रदेश १ का २७ बटै स्थानीय तहका निर्वाचित जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत र प्रदेशका रहेका संघ संस्था, सरोकारवालाहरु सहभागी थिए । राष्ट्रिय अपाङ महासंघका अधिकृत बिमल बस्नेतले नेपालमा सबैका लागी पहुचयुक्त भौतिक संरचनाको बिस्तृत जानकारी गराए। करुणा फाउण्डेशनका अध्यक्ष डा. भगवान कोईरालाको सभापतित्वमा भएको समारोहमा बिराटनगर महानगरपालिकाका मेयर भिम पराजुलीले फण्डेशनले स्वास्थ्य सम्बन्धी गर्ने कुनैपनि कार्यक्रममा आफनो सहभागीता रहने प्रतिबद्धता जनाउँदै बिराटनगरमा आबश्यकता परेमा फाउण्डेशनको कार्यलयका लागी जग्गाको ब्यवस्थापन गरिदिने प्रस्ताव गरे।

# दमकमा फोहरबाट ऊर्जा

**धरान**: शहरी क्षेत्रको फोहोर व्यवस्थापनमा डम्पिङ साइडको अभावले समस्याको सामना गर्नु परिरहेको अवस्था छ। अधिकांश स्थानिय तहले आफै फोहोर व्यवस्थापन गर्न ठूलो लगानी उपयुक्त स्थलका व्यवस्था गर्न सकिरहेका छैनन् । यस्को विकल्पमा पछिल्लो समय फोहोर बाट उर्जा उत्पादन गर्ने व्यवसायीक कम्पनीहरु संग मिलेर फोहोर व्यवस्थापन गर्ने दिशमा स्थानियत तहहरु अग्रसर छन् । पछिल्लो पटक नगरको फोहोर व्यवस्थापन संगै उर्जा उत्पादन गर्ने दिशामा झापाको दमक नगरपालिका अग्रसर भएको छ। राससको समाचार अनुसार झापा जिल्लाको दमक नगरपालिकामा फोहरबाट ऊर्जा परियोजना निर्माणको लागि सम्झौता सम्पन्न भएको छ । परियोजना निर्माणको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, दमक नगरपालिका तथा परियोजना निर्माणकर्ता कम्पनी (नेक्स्ट एरा इनर्जी प्रालि तथा रोहन ट्रेडर्स जेभी) बीच त्रिपक्षीय सम्झौता भएको हो।

सम्झौतामा केन्द्रका कार्यकारी निर्देशक मधुसुधन अधिकारी, नगर प्रमुख रोमनाथ ओली तथा आयोजना निर्माणकर्ता कम्पनीका अध्यक्ष युवराज घिमिरेले हस्ताक्षर गरेका छन् । ४० टन क्षमताको परियोजनाबाट दैनिक १०८४ केजी (करीब ११० सिलिण्डर) प्रशोधित बायोग्यास तथा १० मेट्रिक टन जैविक मल उत्पादन गरिनेछ। परियोजना कूल लागत रु १४ करोड ७० लाख ६९ हजार ७ सय ५७ रहेको छ। विश्व बैंकसमेतको सहयोगमा केन्द्रद्वारा सञ्चालित नवीकरणीय ऊर्जा विस्तार कार्यक्रमअन्तर्गत कार्यान्वयन हुने परियोजनाको कूल लागतको ४० प्रतिशत (पाँच करोड ८८ लाख रुपैयाँ) अनुदान केन्द्रले प्रदान गर्नेछ भने बाँकी ६० प्रतिशत लगानी परियोजना निर्माणकर्ताले गर्नेछ । डिजाइन, निर्माण, लगानी, स्वामित्व, सञ्चालन तथा हस्तान्तरण ढाँचामा निर्माण हुने उक्त परियोजना अवधि २० वर्षको हुने र त्यसपछि नगरपालिकालाई हस्तान्तरण गरिनेछ।

परियोजनाको लागि आवश्यक जग्गाको व्यवस्था दमक नगरपालिकाले गरेको छ । परियोजनाको लागि आवश्यक कच्चा पदार्थको रूपमा नगरपालिकाबाट सङ्कलन हुने कुहिने फोहर तथा अन्य व्यावसायिक प्रतिष्ठानहरूबाट उत्पादन हुने जैविक फोहर समेत उपयोग गरिने छ । केन्द्रका कार्यकारी निर्देशक अधिकारीले फोहरबाट ऊर्जा उत्पादनमार्फत फोहरको दीर्घकालीन समाधानमा सघाउ पुग्ने बताउँदै डिजाइन अनुसारको परियोजना निर्धारित समयावधिभित्र सम्पन्न हुने विश्वास व्यक्त गरे । नगरप्रमुख ओलीले परियोजनाबाट नगर सफा हुनुको साथै नकुहिने फोहरको समेत उचित व्यवस्थापन हुने बताउनुभयो। परियोजना निर्माण कम्पनीका अध्यक्ष घिमिरेले नगरपालिकाको फोहरको समस्या हटाउन परियोजनामा लगानी गर्न लागिएको र निर्धारित समयमै निर्माण सम्पन्न गर्ने बताए।

## जनहितमा जारी सूचना

कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न वस्तु वा सेवा, सुविधा उत्पादन, बिक्री वितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य गर्नु हुँदैन ।

**दलित विकास समिति**
**धरान उपमहानगरपालिका**
**१ नं. प्रदेश, सुनसरी नेपाल**

# कुष्ठरोगबारे जनचेतना बढाउन जरुरी




चतरा (संगम बिष्ट): वराहक्षेत्रमा वर्षमा दर्जन संख्यामा नयाँ कुष्ठ रोगका लक्षण देखिएका स्थानिय स्वास्थ्यकर्मीहरुले बताएका छन्। ६७ औं कुष्ठरोग निवारन दिवसका दिन आइतवार स्थासिनय स्वास्थ्यकर्मी र सञ्चारकर्मी विच भएको अन्तरकृयामा उनिहरुल उक्त जानकारी दिदैं शरिरमा आउने लाटा गाडा खटिरा र दाग आए देवी देवता लागेको भनेर गुप चुपमा राख्ने प्रवृत्तिले समयमा उपचार हुन नसक्दा कुष्टरोग बढ्ने बताएका हुन्।

त्यस्तो प्रकृतिका दाग, गिर्खा भए खुलेर चिकित्स लाई देखाउने र सल्लाह लिएर परिक्षण गराउनु पर्ने भए परिक्षण गरेर उपचार गर्न जनचेतना फैल्याउन समाचार लेन्द स्वास्थ्यकर्मीहरुले सञ्चारकर्मी लाई आग्रह गरे । नगर स्वास्थ्य शाखा वराहक्षेत्र नगरपालिकाले वराहक्षेत्रका स्थानिय सञ्चारकर्मीका बिच अन्तकृया आयोजना गरेको हो। नगरपालिका वडा ८ का अध्यक्ष फणिन्द्रप्रसाद भट्टराईको सभापतित्वमा भएको अन्तरकृयामा नगर स्वास्थ्य साखाका प्रमुख जनस्वास्थ्य अधिकृत सुलोचना चौधरी, जनस्वास्थ्य संयोजक उमेश मेहता, प्रथामिक स्वास्थ्य चौकी महेन्द्रनगरका प्रमुख पृथ्वीचन्द्र चौधरीले संहजीकरण गरेका थिए।







**अलौकिक देवी पाथिभरा माताको दर्शन गरौं**
आन्तरिक पर्यटन प्रवर्द्धन गरौं
अनुरोधकर्ता
**सेढ ट्राभलिङ**
धरान-१, लक्ष्मी सडक, फोन: ०२५-५२८२८६

## तपाईको आज


ज्यो. सुश्री ईशा शर्मा

- मेष : मानसिक अशान्ति, अधिक खर्च र विवाद पर्न सक्नेछ। महत्वपूर्ण काममा हात नहाल्नु नै वेस होला।
- वृष :लक्ष्मी दाहिने भएकी छिन्। व्यापार, व्यवसाय र आम्दानीम वृद्धि, फसेको रकम उठ्न सक्नेछ।
- मिथुन : इज्जत र प्रतिष्ठामा वृद्धि, कार्यमा रुची, नयाँ योजना बन्ने, यात्राको अवसर र काम सम्पन्न हुनेछ।
- कर्कट : आध्यात्मिक सुख, धर्मकर्ममा आस्था, सरकारी कार्यालयको काम बन्ने र भाग्योदय हुनेछ।
- सिंह : कष्टदायी दिन छ। झगडा, दुर्घटना र विभिन्न बाधा अड्चन पर्न सक्ने भएकोले सर्तक रहनुहोला।
- कन्या : खुशी र प्रसन्नताले भरिपूर्ण दिन छ। प्रियसी तथा पारिवारीक सुख, आँटेताकेको काम बन्नेछ।
- तुला :उन्नतिदायक दिन छ। आम्दानीमा वृद्धि, मुद्दा तथा राजनीतिबाट लाभ, आफन्तबाट सहयोग र शत्रु पराजित हुनेछ।
- वृश्चिक :शुभ समाचार आगमन हुनेछ। सन्तान र प्रेमीजनबाट सहयोग, बौद्धिक कार्यमा लाभ र आम्दानी बढ्नेछ।
- धनु : पीडादायक दिन भएकोले मानसिक अशान्ति, विवाद खर्च बढ्ने, आफन्त पनि शत्रु बन्न खोज्नेछन्।
- मकर : धन प्राप्ति, सम्मान-प्रतिष्ठा र पराक्रममा वृद्धि, साथीभाई तथा आफन्तसँग भेटघाट हुनेछ।
- कुम्भ :समय मध्यम खालको छ। आम्दानीसँग खर्च पनि बढ्दो छ। आफन्तसँग भेटघाट हुनेछ।
- मीन : आम्दानी र फाईदाजन दिन छ। सोचेको काम बन्ने, आम्दानीमा वृद्धि, व्यापार व्यवसायले साथ दिँदा मुहारमा कान्ति र मनमा शान्छि छाउनेछ।

# फोर्स मोटर्सको माग बढ्यो



इटहरीः फोर्स मोटरर्सको विक्री वितरणका लागि मंगलवार देखी इटहरीमा शोरुम औपचारिक रुपमा शुरु गरिएको छ। शो रुम प्रदेश १ लाई लक्ष्यित गरी सञ्चालनमा ल्याइएको हो । फोर्स मोटर्सको आधिकारीक विक्रेता हिमालय अर्गनाइजेसनले सो रूम सञ्चालनमा ल्याएको हो। प्रदेश १ का कानुन न्याय तथा आन्तरीक मामिला मन्त्री हिकमत काकी, आयाम इन्टर कन्टिनेन्टलका अध्यक्ष ध्रुवबहादुर थापाले संयुक्त रूपमा शो रुपको उद्घाटन गरेका हुन।

प्रमुख अतिथि कानुन मन्त्री कार्कीले फोर्स मोटर्सको सेवा सुविधा सहरमा मात्र नभइ ग्राणिण भेगहरूमा पनि पुऱ्याउन सुझाव दिए। पूर्वका शहरी क्षेत्रमा फोर्स मोटर्सको माग बढेकोले सो रूम सञ्चालनमा ल्याइएको कम्पनीका निर्देशक रामचन्द्र कोइरालाले बताए । फोर्स मोटर्सले नेपालमै सबैभन्दा बढी सिट क्षमता भएको १४ सिटे ट्र्याक्स कुजर जिप बिक्री गर्दै आएको छ। उद्घाटनकै दिन इटहरीका दधिराम नेपालले ट्र्याक्स कुजर जिप र कञ्चनजंघा मन्टेश्वरी किन्टर गार्डेन स्कुलले स्कुल बस खरीद गरेको छ।

# मिजार प्रदेश भेलाको तयारी

धरानः दलित समुदायमा अल्पसंख्यक मानिएका मिजार समुदायको धरानमा भएको भेलाले प्रदेश १ मा छरिएर रहेका मिजारहरुको सशक्तीकरण निम्ति संगठित हुने अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। गएको साता देखि शुरु गरिएको अभियानले मिजारहरुहको प्रदेश तहमा संगठन निर्माण गर्ने दिशामा अग्रसर भएको हो । भेलाले लम्जेल संघर्षशीलका संयोजकन्वमा सुनसरी जल्ला समिति गठन गरेको छ।

समितिमा धर्म रोक्का, महिन्द्र वोगटी, गजेन्द्र लम्जेल, अनन्तमान रम्तेल, राजु रोक्का, नविन रम्तेल, शरण मंग्राती, रविलाल रोक्का, विषिका वोगटी लगायत रहेका छन्। यसैगरी इटहरी र झुम्काका मिजारहरुका भेलाले योगेशकुमार नेपालीको संयोजकत्वमा संयोजन समिति गठन गरेको छ। समितिमा धनबहादुर मंग्राती, टिका लम्जेल, सन्तोष मंग्राती, राजेन्द्र रोक्का, रमेश वोगटी, सावित्रा अछामी, कविता रम्तेल, गोपाल मंग्राती, मोहन विसुंके, रुपेश मंग्राती, पुर्ण वयलकोटी, विरबहादुर मंग्राती, पहलमान मंग्राती, पदम पहाडी, हिराबहादुर मंग्राती, सरोज दुलाल, यामबहादुर विसुंके, कृष्ण मंग्राती, पुर्णबहादुर विसुंके लगायत रहेका छन् ।

वेलवारीमा भएको अन्तर्क्रियात्मक भेलाले दिपकुमार मंग्रातीको संयोजत्वमा मोरङ जिल्ला संयोजन समिति गठन गरेको छ । समितिमा रामबहादुर रोक्का, रत्नबहादुर वोगटी, चन्द्रकुमार वोगटी, लोकबहादुर रोक्का, दुर्गा पुर्कुटी, सञ्जय सुयाल, कुमार वयलकोटी, मनकुमारी उपरकोटी, रिता मंग्राती, खगेन्द्र तोलाङ्गी, प्रशान्त तोलाङ्गी, मिनकुमार मंग्राती, विपिन मंग्राती लगायत रहेका छन्। झापामा खगेन्द्र लम्जेलको संयोजक रहेको संयोजन समितिमा होम लम्जेल, चन्द्र लम्जेल, प्रतिमा लम्जेल, अनिता लम्जेल, मुकेश लम्जेल लगायत रहेका छन्।

प्रदेश १ को १४ जिल्लामा संयोजन समिति गठन गर्ने क्रम जारी रहको छ। प्रदेश १ का मिजार समुदायको स्वास्थ, शिक्षा, अर्थ, राजनीतिक, निजामती क्षेत्रमा पहुँच स्थापित गरी समुदायको शसक्तिकरण निम्ति प्रदेश समिति गठन गर्न जिल्ल समितिहरु गठन भएका हुन । फागुन २ गते मोरङको वेलवारीमा प्रदेश भेला आयोजना गरी संगठनलाई गतिदिने भेला पहलकर्ता राजु रोक्का, नविन रम्तेल, शरण मंग्राती र खगेन्द्र तोलाङ्गीले बताए।

# यलम्बर क्लब फाइनलमा



नडाहा (दिपक पुरी)ः न्यु जेनेरेसन सभेन ए साइड च्यालेन्ज कपको मंगलवारको सेमिफाइनल खेलमा यलम्बर क्लब धरान टाइब्रेकरमा ७-६ आयोजक न्यु जेनेरेसन क्लब लाई हराउँदै फाइनलमा पुगेको छ।

यसअघि यलम्बरका मिलन लिम्बु र न्यु जेनेरेशनका दिनेश राईले १-१ गोल गरेपछि खेल बराबरीमा टुंगिएकोले टायब्रेकरमा निर्णय गरिएको हो। खेलको म्यान अफ दि म्याच यलम्बरका गोलरक्षक जनु सुब्बा घोषित ए। उनले टाइब्रेकरमा १ गोले सेब गर्दै टिमलाई विजयी बनाएका थिए। बराहक्षेत्र ३ महिला संघकी सभापति भिमा तामाङले ट्रफी प्रदान गरिन् । प्रतियोगीताको विजेता टिमले ३० हजार र दोस्रोले २० हजार रुपैयाँ र साथमा दुवैले मेडल र ट्रफी साथै प्रमाणपत्र पाउने क्लबका अध्यक्ष राजधामिले बताए। आज बुधबारको सेमिफाइनल तरहरा फुटबल क्लब र सुर्योदय क्लब बक्लौरी विच हुनेछ।






**येशु ख्रीष्टको जन्म, ख्रीष्टमसको बारेमा बाइबलले भन्छ :**

त्यही इलाकामा गोठालाहरु थिए, जसले चउरमा बसेर राती आफ्नो बगालको रखवाली गर्थे । प्रभुको एक जना स्वर्गदूत तिनीहरु कहाँ देखा परे र प्रभुको तेज तिनीहरुका वरिपरि चम्क्यो, अनि तिनीहरु सारै डराए । तब स्वर्गदूतले तिनीहरुलाई भने, नडराओ किन भने हेर म तिमीहरुलाई बढो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसको निम्ति हुनेछ। आज दाऊदको शहरमा तिमीहरुका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ। तिमीहरुलाई चिन्ह चाँहि यो हुनेछ : तिमीहरुले एउटा बालकलाई लुगाले बेरेको र डुडमा सुताई राखेको भेट्टाउनेछौ ।
तब एक्कासी ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पऱ्यो । परमेश्वरको स्तुति गर्दै तिनीहरुले भने परमधाममा परमेश्वरलाई महिमा..........(लुका २:८-१४) । त्यसपछि अब्राहाम आफ्ना युवकहरुकहाँ फर्केर आए र तिनीहरु उठेर बेर्शेबासम्मै सँगसँगै गए। औ अब्राहाम बेर्शेबामा बसोबासो गरे ।

**प्रभु टेलर्स**

धरान-१२, ९८४२०६४९१८

## हार्दिक निमन्त्रणा

यस कालिन्द्र सामुदायिक वन उपभोक्ता समुहको १४ औं बार्शिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रम सम्पूर्ण महानुभावहरुलाइ अनिवार्य उपस्थित भइ दिनहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम हुने मिति समय र स्थानः-**

**मिति** : २०७६/१०/१७ गते शुक्रबार

**स्थान** : कालिन्द्र सामुदायिक समुह प्रङ्गनमा बराहक्षेत्र-३ नडाहा

**समय** : १० बजे विहान

**साने लिम्बु (अध्यक्ष)**

**कालिन्द्र सामुदायिक वन उपभोक्त समुह बराहक्षेत्र ३ नडाहा**

## INVITATION FOR BIDS

## Office of theTemkemaiyung Rural Muncipality

### Bhojpur

Contract Identification No: 09/TRM/BHO/TB/076/077&10/TRM/BHO/TB/076/077

Date of First Publication: 2076 /10/15 (2020/01/29)

**(No e-bidding option)**

1. The Government of Nepal (GoN) has allocated its funds to Temkemaiyung Rural Muncipality,Bhojpurfor Trail Bridge Program and the TRM intends to apply the funds to cover eligible payments under the Contract for Supply of fabricated steel parts for Trial Bridge Sector Wide Programme (TBSWAp). Bid is open to all eligible Nepalese Bidders.
2. Temkemaiyung Rural Muncipality,Bhojpurinvites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Short Span Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years or enlisted by DoLIDAR are eligible for bidding. New fabricators may also apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLIDAR may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfil the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Temkemaiyung Rural Muncipality, Bhojpur, Mobile no:- 9822573665, 9841982509
5. A complete set of Bidding Documents may be purchased from the office: Temkemaiyung Rural Muncipality, Bhojpur, by eligible Bidders on the submission of a written application, along with the copy of company / firm registration certificate and upon payment of a non-refundable fee of NRs 1,000. (One thousand)till 2076/10/27(2020/02/10), 5:00 hrs. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRs1000 (Onethousand).However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.

Revenue Account: 9301524675755018
Bank Account Name: Temkemaiyung Ga. Pa. Sanchit Ga-4.1
Bank Name: Machhapuchchhre Bank Limited
Bank Address: Temkemaiyung,Bhojpur

6. The Bidders shall deposit the non-refundable fee of Bidding Documents as specified above either by direct deposit or by Tele-transfer and must submit scanned electronic copy (pdf format) of the bank deposit voucher or Tele-transfer certificate along with the electronic bid files.
7. Bids must be submitted to the Temkemaiyung Rural Muncipality, Bhojpuron or before 12:00 noon on 2076/10/28(2020/02/11).
8. Bids shall be opened physically and electronically immediately after the bid submission deadline on 2076/10/28(2020/02/11), 14:00 Hrsincepresence of Bidder's representatives who choose to attend at theTemkemaiyung Rural Muncipality, Bhojpur. Bids must be valid for a period of 90 days after the deadline of bid submission date and must be accompanied by bid security, amounting to a minimum of sum mentioned in the table given below, which shall be valid for 30 days beyond the bid validity period.
9. If bidder wishes to submit the Bid Security in the form of cash, the bidder has to deposit cash in Deposit Account No: 9301524675755045,Bank Account Name:-TemkemaiyungGa.Pa.Dharauti Ga-3 in Machhapuchchhre Bank Limited, Bhojpur and submit bank deposit voucher along with the bid.
10. If the last date of purchasing, submission and opening falls on government holiday then the next working day shall be considered as the last day.
11. Pre-bid Meeting shall be held at the Temkemaiyung Rural Muncipality, Bhojpur, on 2076/10/24 (2020/02/07) at 14:00 hrs.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
13. The name and identification number of the contract are as follows:

Contract Identification

Note :-Contract for supply of fabricated steel parts for Trial Bridge Sector Wide Programme (TBSWAp) had revised the invitation due to mistake in estimate amount and estimate amount

| S.N. | Contract Identification No. | Name of Project | Estimated Amount, NRs. (Without VAT) | Bid Security Amount NRs. | Bid Security Validity at least upto | Minimum Qualification |
|---|---|---|---|---|---|---|
| 1 | 09/TRM/BHO /TB/076/077 | Procurement of fabricated steel parts for **Package I:** Trial Bridge Sector Wide Programme (TBSWAp)Baglen, Suspended Bridge Temkemaiyung-1,2,Timma,Chhinamakhu,Bhojpur (www106(4wc)cm,span76.0m) | 930363.85 | 25,000 | **75 days** | **Minimum five years work experience in same field or registered in DoLIDAR** |
| 2 | 10/TRM/BHO /TB/076/077 | Procurement of fabricated steel parts for **Package I:** Trial Bridge Sector Wide Programme(TBSWAp)Raute Bridge Temkemaiyung-8,Gogane, Bhojpur (www106(4wc) cm, span68.55m) | 873374.63 | 22,000 | **75 days** | **Minimum five years work experience in same field or registered in DoLIDAR** |

**Chief Administrative Officer**

पिपुल्स मिडिया सर्भिस नेपाल प्रा.लि. द्वारा प्रकाशित अध्यक्षः गंगाप्रसाद चौलागाईं, सल्लाहकार सम्पादकः हर्ष सुब्बा, बासुदेव बराल, सुमन गुरागाई, सम्पादकः सागरप्रसाद भट्टराई, समाचार संयोजकः धीजनबाबु काफ्ले सह-सम्पादकः पवन अधिकारी, व्यवस्थापकः रोशन दाहाल, कम्प्युटर अपरेटर : गोविन्दप्रसाद निरौला, कार्यालय ठेगाना-धरान-१, सिद्धिचरण मार्ग (युरेका स्कूल अगाडि) फोनः०२५-५३०१७१, E-mail : morningtimesdaily1@gmail .com, मुद्रण : हारती माँ अफसेट प्रेस, धरान-५ (जि.एस्.मार्केट)